जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) एवम् जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक ; प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०४/१७ गते आईतवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा , सदस्य

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

उप.अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

मे.सु., डा. नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल, सिरहा, सदस्य

**आमन्त्रित:**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

समन्वय उप प्रमुख - श्री सरोज कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

नगर प्रमुख - श्री अशेस्वर प्रसाद यादव, सिरहा नगरपालिकाको कार्यालय, सिरहा ।

प्रमुख सेनानी - श्री सुमन थापा,

सेनानी – श्री रोशन लामिछाने, शेर गण चोहर्वा, सिरहा ।

प्रमुख - श्री यमनाथ गिरी, कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहा

प्रमुख - श्रीमति इन्दिरा देवी यादव, जिल्ला निर्वाचन कार्यालय, सिरहा

जिल्ला कार्यक्रम प्रवन्धक - श्री अशोक कुमार यादव, नेपाल रेडक्रस सोसाइटी,सिरहा शाखा, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देवी कुमार यादव, नेपाल पत्रकार महासंघ

प्रमुख जिल्ला अधिकारी

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नेपाल

# जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), एवं जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) सिरहाको संयुक्त बैठक मिति २०७८/०४/ १७ गते।

## बैठकको कारवाही एवम् निर्णय

१. कोभिड-१९ संक्रमण जोखिम प्रति संवेदनशील हुन र जोखिम न्यूनीकरणकालागि पूर्वाधार एवं जनशक्ति समेत तयारी अवस्थामा राखी निरन्तर रुपमा जनचेतना अभिवृद्धि गर्न गराउन जिल्ला स्थित सवै न.पा./गा.पा. को कार्यालय मार्फत सवै स्थानीय तहका पदाधिकारी एवं राष्ट्र सेवक कर्मचारीहरुमा अनुरोध गर्ने।
स्वास्थ्य कार्यालय - सिरहाले सरकारी तथा नीजि सहकारी एवं सामुदायिक अस्पताल स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन/समन्वय गरी कोभिड - १९ संक्रमण जोखिम न्यूनीकरणको पूर्व तयारी र प्रतिकार्यकालागि क्रियाशीलता ल्याउने।

२. यस वर्ष २०७८ सालको मनसुनबाट वाढी – कटान - डुवान हुँदै गरेकोमा क्षती न्यूनीकरण गर्न देहायका निकायले देहायका कार्य तुरुन्त गर्न पुन: ध्यानाकर्षण गराउने ;
   क) कमला नदी तर्फ : कल्याणपुर न.पा. वडा नं. ७ को वाँध निरको मर्मत संभार कार्य समेत :
   कमला नदी नियन्त्रण आयोजनाले गर्ने।
   ख) बलान, खुटी, गागन लगायतका नदी नियन्त्रण कार्य :
   जलस्रोत तथा सिंचाई विकास डिभिजन सिरहा र तत् तत् न.पा./गा.पा. को कार्यालयले गर्ने।
   ग) लहान - ठाडी, धनगढी – जिरोमाईलल - सुखिपुर, मिर्चैया - कल्याणपुर - सिरहाको क्षतीग्रस्त सडक ;
   डिभिजन सडक कार्यालय र पूर्वाधार विकास कार्यालयले आपसमा समन्वय गरी तत्काल मर्मत सुधार गर्ने।
   घ) आ-आफ्नो पालिकाका विग्रे भत्केका बाटो सम्वन्धित न.पा./गा.पा. ले तत्काल आवागमन योग्य हुने गरी बनाउने।

३. DCMC तथा DDMC मा रही सेवारत नेपाली सेना, शेर गणका गणपति (प्र.से.) जितेन्द्र कुमार गौली सरुवा भई अन्यत्र जानु हुने क्रममा वहाँलाई सम्मानका साथ विदाई गरियो।
नयाँ गणपति (प्र.से.) सुमन थापा प्रति जिल्लाको कोभिड - १९ एवं विपद् जोखिम न्यूनिकरण सम्वन्धमा विफ्रिङ्ग भई स्वागत गरियो।

४. कोभिड- १९ संकट व्यवस्थापन केन्द्रको च.नं. २४ मिति २०७८/०४/१३ को प्राप्त पत्रानुसार साधारणसभा/महाधिवेशन मिलेसम्म विद्युतीय माध्यम प्रयोग गरी गर्न हुन र भौतिक उपस्थितिमा नै गर्नुपर्ने अवस्था भएमा सम्वन्धित जिल्लाका DCMC को स्विकृती लिई CCMC लाई समेत जानकारी गराई स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी सम्मपन्न गर्ने/गराउने सम्वन्धी पत्रको व्यहोरा बैठकमा अवगत भयो। साथै तत् सम्वन्धमा सोही बमोजिम गर्ने गराउने।

५. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ३७ मिति २०७८/०४/०५ को पत्रानुसार " त्रिभुवन विश्वविद्यालय, लोक सेवा आयोग लगायतका निकायबाट परीक्षाको कार्यक्रम सार्वजनिक भएकोले देशका विभिन्न भागबाट परीक्षार्थीहरुको आवागमन समेतलाई दृष्टिगत गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी मध्यम तथा लामो दुरीका सार्वजनिक यातायात संचालन गर्न आवश्यक व्यवस्था गृह मन्त्रालय मिलाउने " भनी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८/०४/०४ गते निर्णय कार्यान्वयनकालागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.बै./३२१/५४ मिति २०७८/०४/०४ गतेको पत्रबाट लेखि आएकोले जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना हुने गरी मध्यम तथा लामो दुरीका सार्वजनिक यातायात संचालन गर्न आवश्यक सहजीकरण सम्वन्धी पत्रको व्यहोरा बैठकमा अवगत भयो। तत् सम्वन्धमा सोही बमोजिम गर्ने गराउने।

प्रमुख जिल्ला अधिकारी

६. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १०८ मिति २०७८/०४/१५को प्राप्त पत्रानुसार स्वास्थ्य सेवा विभाग (परिवार कल्याण महाशाखा) को च.नं. ३९ मिति २०७८/०४/१० को पत्रबाट नेपालबाट विभिन्न प्रयोजनको लागि विदेश जाने नेपाली नागरिकहरुले कोभिड-१९ विरुद्धको खोप लगाएको प्रमाणिकरण गर्नु पर्ने र सो कार्यको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिवस्तर) बाट तपसिलका अस्पतालहरुलाई प्रमाणिकरणको लागि तोकेको व्यहोरा अनुरोध गर्दै उक्त प्रयोजन लागि तोकिएका अस्पतालहरुबाट यस पछि प्रमाणिकरण गर्ने प्रमाणपत्रको नमूना, कोभिड खोप अभियानका लागि विभिन्न चरणमा जारी गरिएका खोप कार्डहरु नमुना, अस्पतालबाट पठाईएको दस्तखत नमूना र कार्यालयको छापको नमूना समेत संलग्न राखी आवश्यक व्यवस्थापनकालागि पठाईएको पत्रको व्यहोरा बैठकमा अवगत भयो।

**तपसिल:**

१. शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौं।
२. निमाती कर्मचारी अस्पताल, काठमाडौं।
३. पाटन अस्पताल, ललितपुर।
४. नेपाल सशस्त्र प्रहरी बल अस्पताल, काठमाडौं।

७. सिरहा जिल्लामा कोभिड - १९ संक्रमण एवम् व्यवस्थापनको देहायको अवस्था वारेमा बैठकमा भयो।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्ललामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | हालसम्को मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | वेड संख्या | HDU वेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | २४ | ० | १४८९ | १०६ | ० | २४ | ६०४३ | १६१९ | ० | ० | १७ | ० | ७ | ० | ० | ० | १५ | ८५७ | 30 | ४४ | १२ | २०५ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

**खोपको कार्यक्रमको प्रगति :**

| अभियान मिति | खोपको नाम | प्राप्त भायल संख्या | पहिलो डोज खोप लगाएको व्यक्ति संख्या | दोश्रो डोज खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|
| २०७७ माघ १४ गते देखि हाल सम्मको | कोभिसिल्ड | ४७९० | ४०२८५ | ६८०६ |
| २०७८ जेठ २६ गते देखि २०७८ श्रावण १७ गतेसम्मको | भेरो सेल | १०,०१५ | ९९७७ | ७६६५ |
| २०७८ श्रावण १० गते देखि ०७८ श्रावण १७ गते सम्मको | Janssen | ७००० | २६३५६ | |

८. सिरहा अस्पतालबाट विगतमा आईसोलेसनका विरामी तथा स्वास्थ्यकर्मीलाई खाना खुवाएको वापतको तिर्नु पर्ने वक्यौता रकम गत आर्थिक वर्षको विनियोजित रकमबाट आंशिक भुक्तानी मात्र भएकोमा वाँकी वक्यौता रहेको तिर्नु पर्ने सम्पूर्ण खर्च भुक्तानी हुन रकम निकासाकालागि प्रदेश सरकार, प्रदेश नं.२ को मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने।

प्रमुख जिल्ला अधिकारी